भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७९/०४/०५

नेपाल सरकार स्वीस सरकारको सहयोगमा भिमाद नगरपालिकामा आर्थिक वर्ष २०७९/०८० बाट सुरक्षित आप्रवासन कार्यक्रम (सामी) सञ्चालन हुने भएकोले उक्त कार्यक्रमको लागि आवश्यक पर्ने तपसिल बमोजिमको पद, तह र संख्यामा कर्मचारीहरु २०८० असार मसान्त सम्मको लागि सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक एवम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त दिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | ०२-०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ जना (महिलालाई प्राथमिकता) | सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:<br>❖ कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:<br>नयाँ मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ जुन निम्नानुसार छ:<br>❖ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लो इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। | लिखित र अन्तरवार्ता |
| २ | ०३-०७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण, पौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | लिखित र अन्तरवार्ता |
| ३ | ०४-०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार(खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ | अन्तरवार्ता |

**तलव तथा अन्य सुविधा:-** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु:-** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपी, कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साईजको दुई प्रति फोटो।

**छनौट प्रकिया:-** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता परिक्षामा समावेश गरिने छ।

**दरखास्त दिने अन्तिम मिति:-** २०७९/०४/१९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर:-** मनोसामाजिक परामर्शकर्ता र वित्तीय साक्षरता सहजकर्ता पदको लागि रु. ४००।— र रिटर्नी स्वयंसेवक पदको लागि रु.३००।—

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत